कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# अपि पावर कम्पनी लिमिटेड

का.म.न.पा , वडा नं. ११ थापाथली, काठमाण्डौ

फोन न. ०१–५१११०९३, फ्याक्स नं. ०१–५१११०३५, इमेलः info@apipower.com.np

वेभसाइट : www.apipower.com.np

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

को

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

दरखास्त साथ प्रति साधारण शेयर रु. १००/- का दरले शत प्रतिशत भुक्तानी माग गरिएको ।

रु.१,१९,०७,००,००० बराबरको प्रति शेयर रु.१००/- अंकित दरका १,१९,०७,००० कित्ता साधारण शेयरको १ : ०.४७६१९०४७६१९ (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.४७६१९०४७६१९ कित्ता साधारण शेयर) को अनुपातमा रु. ५६,७०,००,०००/- बराबरको प्रति शेयर १००/- अंकित दरका ५६,७०,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

## निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषणः

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस कम्पनीले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई फेब्रुअरी १२, २०२० मा "ईक्रा एनपि आईपियो ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपियो ग्रेड ४" ले संगठित संस्थाको अवस्था औषत भन्दा तल आधार (Below Average Fundamentals) रहेको देखाउछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व) मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७७/०६/१८

**निष्काशन खुल्ला हुने मिति : २०७७/०७/१४ गते**

**निष्काशन बन्द हुने मिति : २०७७/०८/०४ गते (बैंकिङ्ग समय पश्चात)**

## धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः

Siddhartha Capital Limited
Investing happiness

पो.व.नं.२१२००, नारायणचौर, नक्साल, काठमाण्डौ,
फोन नं. ०१-४४२०९२४/४४२०९२५
फ्याक्स नं. ०१-४४२०९२९
इमेलः scl@siddharthacapital.com
वेवसाइटः www.siddharthacapital.com

**क) संगठित संस्थाको नाम :** अपि पावर कम्पनी लिमिटेड (Api Power Company Limited).

**ख) संगठित संस्थाको रजिष्ट्रर्ड कार्यालय :** कम्पनीको रजिष्ट्रर्ड ठेगाना का. म. न. पा. वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्ट्रर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

**ग) कारोवार स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्ट्रर्ड कार्यालय का. म. न. पा., वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं र आयोजना स्थल नौगाड गाउँपालिका, शैल्यशिखर नगरपालिका, अपि हिमाल गाउँपालिका र मार्मा गाँउपालिका, दार्चुला जिल्लामा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(अ) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान, संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरु मिलेर अपि पावर कम्पनी प्राईभेट लिमिटेड २०६० आषाढ ५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो । यस कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले २०७० साल श्रावण ६ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो ।

(आ) कम्पनीमा स्थापना कालमा १,०६४ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ६० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले र ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको छ । मिति २०७५ कार्तिक २३ गतेदेखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

(इ) कम्पनीले दार्चुला जिल्लामा बहने नौगड गाड खोलामा ८.५ मेगावाट क्षमताको नौगड साना जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी २०७२ भाद्र २ गते देखि राष्ट्रिय ग्रीडमा विद्युत आपुर्ति गरिरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत उर्जा एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरणबीच २०६७ साल बैशाख १९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यो सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० वर्ष सम्म कायम रहेकोछ ।

(ई) कम्पनीले दार्चुला जिल्लामा दोश्रो परियोजना ८.० मेगावाट क्षमताको अपर नौगढ गाड जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी २०७६ असोजमा सम्पन्न भई २०७६ कार्तिक १३ गतेदेखि राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह भईरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत उर्जा एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरणबीच २०७३ साल कार्तिक १३ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यो सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरु गरेको मिति देखि ३० वर्ष सम्म कायम रहेको छ ।

(उ) अपि पावर कम्पनी लिमिटेडको तेश्रो जलविद्युत परियोजनाको रुपमा दार्चुला जिल्लाको अपि हिमाल तथा मार्मा गाउँपालिका भएर बहने चमेलिया नदीमा ४० मेगावाट क्षमताको जलविद्युत आयोजना रहेको छ । कम्पनीले सल्लाहकारहरु नियुक्त गरी यस आयोजनाको सम्भाव्यता अध्ययन पुरा गरी विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरी विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गरी निर्माण कार्य सुरु गरेको छ । यस हकप्रद शेयर निष्काशन बाट संकलन गरिने रकम अपर चमेलिया जलविद्युत आयोजना निर्माणमा लगानी गरिने छ ।

**कम्पनीका उद्देश्यहरु :**

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ३ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरुलाई एक आपसमा आबद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार कार्य गर्ने ।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत विक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्न स्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने । वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरुको पूनः संचालन गर्ने, विद्युत उत्पादन बृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युत संग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा विचारकको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युतशक्तिको विकास गर्नको लागि आवश्यक जनशत्ति तयार गर्ने

(च) विद्युत प्रसारणका लागि विभिन्न भोल्टेजका ट्रान्समिसन लाइनहरुको अध्ययन निर्माण तथा मर्मत संभार सम्बन्धी कामहरु गर्ने ।

(छ) विद्युत सम्बन्धि उपकरणहरु, मेशिन औजारहरु, सामान विदेशबाट आयात तथा खरिद गरि उपयोग गर्ने, विक्री वितरण गर्ने, एजेन्सीको कार्य गर्ने ।

(ज) विद्युत, बैंक, वीमा तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने ।

(झ) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :

अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

इ) विद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मूल्याङ्क गर्ने ।

ई) नविकरणिय ऊर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।

उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

(ञ) सौर्य तथा वायू उर्जाको अध्ययन, अनूगमन विकास तथा निर्माण गर्ने ।

(ट) उच्च भोल्टेजको ट्रान्समिशन लाईन निमार्ण, सञ्चालन तथा हस्तान्तरण गर्ने ।

(ठ) शेयर खरिद विक्रीको कार्य गर्ने तथा लगानी सम्बन्धी काम गर्ने ।

(ड) विभिन्न क्षेत्रमा परामर्शदाताको काम गर्ने ।

**ङ) पूँजीको संरचना :**

**<u>अधिकृत पुँजी:</u>** कम्पनीको अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (अक्षरेपी रु पाँच अर्व) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ५,००,००,००० पाँच करोड थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**<u>जारी पुँजी:</u>** कम्पनीको जारी पूँजी रु.४,००,००,००,०००/- (अक्षरेपी रु. चार अर्ब) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ४,००,००,००० चार करोड थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी:** कम्पनीको चुक्ता पूँजी रु.१,१९,०७,००,०००/- (अक्षरेपी रु. एक अर्ब उन्नाईसकरोड सात लाख) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,१९,०७,००० (एक करोड उन्नाईस लाख सात हजार) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ । यस विवरण मार्फत रु. ५६,७०,००,०००।- (छपन्न करोड सत्तरी लाख) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.१,७५,७७,००,०००/- ( अक्षेरुपी एक अर्व पचहत्तर करोड सतहत्तर लाख मात्र) हुनेछ ।

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूंजीको संरचना :**

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.१,१९,०७,००,०००/- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.१,७५,७७,००,०००/- कायम हुनेछ । कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईन पिरियडमा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०७५ कार्तिक २३ गतेदेखि लकईन पिरियड समाप्त भई साधारण शेयरमा परिणत भई खुल्ला रुपमा कारोवार भईरहेको छ ।

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

मिति २०७५ कार्तिक २३ गते संस्थापक शेयरको लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भै राखेको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । सम्पूर्ण शेयर स्टक एक्सचेञ्जमा सूचिकरण भई कारोवार भईरहेको छ । बैंकबाट लिएको कर्जाको सुरक्षणका लागी कम्पनीका संचालकहरुले व्यक्तिगत तथा सामूहिक जमानी दिनु भएको छ ।

**ज) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :**

हाल कायम रहेको चुक्ता पूँजी रु.१,१९,०७,००,०००/- को १ शेयर बराबर नयाँ ०.४७६१९०४७६१९ शेयर (१ :०.४७६१९०४७६१९) को अनुपातमा (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर शुन्य दशमलब चार सात छ एक नौ शून्य चार सात छ एक नौ साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ५६,७०,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ ।

विद्युत नियमन आयोगबाट मिति २०७६/०८/२९ गते रु. १ अर्ब १३ करोड ४० लाख चूक्ता पूँजीलाई १ : १ का दरले हकप्रद शेयर निष्काशन गर्नका लागि सैद्धान्तिक सहमति प्रदान भए बमोजिम प्रथम चरणमा कम्पनीले रु १००/- अंकित दरका ५६,७०,००० कित्ताले हुन आउने ५६,७०,००,०००/- (अक्षरेपी रु छपन्न करोड सत्तरी लाख मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

कम्पनीले १४ औं वार्षिक साधारणसभाबाट विशेष प्रस्ताव पारेत गरी १:२ को अनुपातमा रु. २,२६,८०,००,०००/- बरावरको २,२६,८०,००० थान शेयर निश्काशन गर्ने निर्णय गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतीका लागी निबेदन गरिएको छ । कम्पनीको मिति २०७५ पौष २४ गते बसेको १५ औं वार्षिक साधारणसभाले कम्पनीको पूँजी बृद्धि गर्न १:२ (एक शेयर बराबर दुई शेयर) बराबर हकप्रद शेयर जारी गर्ने निर्णय पुनः अनुमोदन गरेको छ । धितोपत्र निष्काशन गर्नु अघि विद्युत नियमन आयोगबाट पुर्व स्विकृति लिनु पर्ने नियम बनेर लागू भएपछि कम्पनीले आयोग समक्ष निवेदन गरेको थियो । विद्युत नियमन आयोगबाट मिति २०७६/०८/२९ गते रु. १ अर्ब १३ करोड ४० लाख चूक्ता पूँजीलाई १ : १ का दरले हकप्रद शेयर निष्काशन गर्नका लागि सैद्धान्तिक सहमति प्रदान भए बमोजिम प्रथम चरणमा कम्पनीले रु १००/- अंकित दरका

५६,७०,००० कित्ताले हुन आउने ५६,७०,००,०००/- (अक्षरेपी रु छपन्न करोड सत्तरी लाख मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारणसभा सम्पन्न भएको मिति** :
कम्पनीको १५औं वार्षिक साधारणसभा मिति २०७५/०९/२४ मा सम्पन्न भई हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको छ ।

**ञ) सञ्चालकहरुको परिचय**

**संचालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवः**

कम्पनीको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | योग्यता | ठेगाना | अनुभव | समुह |
|---|---|---|---|---|---|---|---|---|
| १. | गुरु प्रसाद न्यौपाने (प्रतिनिधि–अरुण भ्याली हाईड्रोपावर कम्पनी लि.) | अध्यक्ष | ६५ | नेपाली | एम.ए, अर्थशास्त्र | का.म.न.पा. ३१, काठमाण्डौ | अरुण भ्याली हाइड्रोपावर कम्पनी लिमिटेड- १४ बर्ष<br>रिडी हाइड्रोपावर कम्पनी लिमिटेड - १२ बर्ष<br>अपि पावर कम्पनी लिमिटेड - ५ बर्ष | संस्थापक |
| २. | महेन्द्र न्यौपाने | संञ्चालक | ५६ | नेपाली | एम.एस्सी. (नेचुरलरिसोर्स म्यानेजमेन्ट) | भ.न.पा. ११, मध्यपुर ठिमी भक्तपुर काठमाण्डौ | डि.सि.एस युनाइटेड मिसन नेपाल माईको हाइड्रोपावर प्रोजेक्ट- ७ बर्ष<br>यु.एन.डि.पि नेपाल रुरल ईनर्जी डेभलपमेन्ट प्रोजेक्ट - १५ बर्ष<br>सि.एन.आई नेपाल ईनर्जी डेभलपमेन्ट काउन्सिल -१ बर्ष<br>अपि पावर कम्पनी लिमिटेड - ५ बर्ष | संस्थापक |
| ३. | संजिव न्यौपाने | संञ्चालक/ कार्यकारी निर्देशक | ३८ | नेपाली | एम.वि.ए | का.म.न.पा. ३१, काठमाण्डौ | रिडी हाइड्रोपावर कम्पनी लिमिटेड - ३ बर्ष<br>अपि पावर कम्पनी लिमिटेड - ५ बर्ष | संस्थापक |
| ४. | सतिश न्यौपाने | संचालक | ४० | नेपाली | वि ए | का.म.न.पा. ३१, काठमाण्डौ | अरुण भ्याली हाइड्रोपावर कम्पनी लिमिटेड- १० बर्ष<br>अपि पावर कम्पनी लिमिटेड - ५ बर्ष | संस्थापक |
| ५. | इन्द्र मणि त्रिताल | सचालक | ३७ | नेपाली | एम.ए. | उर्लावारी, मोरङ्ग | जलविद्युत क्षेत्रमा ७ वर्षको अनुभव । संचालक अरुण काबेली पावर लिमिटेड । | सर्वसाधारण |
| ६. | सिर्जना खड्का | सचालक | २८ | नेपाली | वि वि ए | का.म.न.पा. ३४, काठमाण्डौ | जलविद्युत क्षेत्रमा ७ वर्षको अनुभव । | सर्वसाधारण |

**नोट** : कम्पनी पन्ध्रौं वार्षिक साधारण सभाबाट पाँच जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था गरिएको छ । साथै हालको सञ्चालक कार्यकाल समाप्त भए पश्चात् पाँच जनाको सञ्चालक समिति रहनेछ ।
कम्पनीमा हाल विशेषज्ञ संचालक नियुक्त गरिएको छैन ।

**कम्पनीको कार्यकारी सञ्चालकको विवरण :**

नाम : श्री सञ्जिव न्यौपाने
ठेगाना : का.म.न.पा. ३१, काठमाण्डौ ।
शैक्षिक योग्यता : एम.वि.ए.

अनुभव : ७ बर्ष हाइड्रोपावरको अनुभव (रिडी हाइड्रोपावर कम्पनी लिमिटेड - ३ बर्ष प्रोजेक्ट म्यानेजर भएर कार्य गरेको अनुभव भएको र अपि पावर कम्पनी लिमिटेडमा - ५ बर्षको अनुभव)

**ट) संचालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा संशोधन भई पाँच जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा अब संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन ।

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीमा हाल विशेषज्ञ संचालक नियुक्त गरिएको छैन । कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलब चार सात छ एक नौ शून्य चार सात छ एक नौ (१:०.४७६१९०४७६१९) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित**

**प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**
विगत तीन बर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

**लेखापरिक्षण भएको विगत तीन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण**

**वासलात** **रु.हजारमा**

| विवरण | आ.व.२०७३।०७४ | आ.व.२०७४।०७५ | आ.व.२०७५।०७६ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **दिर्घकालिन सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १,५३७,२२१ | १,५२२,९७३ | १,५०८,९६५ |
| निर्माणाधिन परियोजना | ५५६,३६२ | १,४६२,९१२ | १,६६५,६४३ |
| लगानी | १४४,२५४ | १४४,१३४ | १४४,१३४ |
| डेफर आय कर | - | - | - |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **२,२३७,८३८** | **३,१३०,०१९** | **३,३१८,७४२** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ६,६५५ | ४,४१२ | १,४९६ |
| परियोजना पेश्की | १३३,६८१ | ५१,६९४ | ६०,२६९ |
| अन्य पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ६९,४५६ | ६१,६७५ | ३१,८८८ |
| **जम्मा चालु सम्पत्ति** | **२०९,७९४** | **११७,७८१** | **९३,६५३** |
| **जम्मा सम्पत्ति** | **२,४४७,६३२** | **३,२४७,८००** | **३,४१२,३९६** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १,०५०,००० | १,१३४,००० | १,१९०,७०० |
| शेयर आवेदन रकम | - | - | - |
| जगेडा कोष तथा सञ्चित नाफा | ९०,०९७ | ६१,२४३ | ७४,२३१ |
| **जम्मा पूँजी** | **१,१४०,०९७** | **१,१९५,२४३** | **१,२६४,९३१** |
| **दिर्घकालिन दायित्व** | | | |
| दिर्घकालिन ऋण | १,१४७,९०७ | १,५७२,०७८ | १,७३६,०९१ |
| **जम्मा दिर्घकालिन दायित्व** | **१,१४७,९०७** | **१,५७२,०७८** | **१,७३६,०९१** |
| **चालु दायित्व** | | | |
| व्यवसायिक दायित्व | २२,२४६ | ३३५,६१८ | १७६,०९५ |
| असुरक्षित कर्जा | ११७,४०७ | ७८,२३१ | १५४,२०० |
| अन्य दायित्व | १९,९७३ | ६६,६३० | ८१,०७८ |
| **जम्मा चालु दायित्व** | **१५९,६२७** | **४८०,४७९** | **४११,३७४** |
| **जम्मा** | **२,४४७,६३२** | **३,२४७,८००** | **३,४१२,३९६** |

**नाफा नोक्सान हिसाब** **रु हजारमा**

| विवरण | आ.व.२०७३।०७४ | आ.व.२०७४।०७५ | आ.व.२०७५।०७६ |
|---|---|---|---|
| **आम्दानी** | | | |

| | | | |
|---|---|---|---|
| विद्युत विक्रीबाट भएको आम्दानी | १३८,१४२ | १२७,८२९ | १७८,७४० |
| अन्य आम्दानी | ३७,६५६ | ३७,४२१ | ८,३५७ |
| **जम्मा आम्दानी** | **१७५,७९८** | **१६५,२५०** | **१८७,०९८** |
| **न्यून: खर्चहरु** | | | |
| रोयल्टी (जडित क्षमताको आधारमा) | ८५० | ८५० | ८५० |
| रोयल्टी (उत्पादनको आधारमा) | २,७६७ | २,५५९ | ३,५७७ |
| | **१७२,१८१** | **१६१,८४१** | **१८२,६७०** |
| सम्पत्ती विक्रीबाट घाटा | ४७ | | |
| आयोजना संचालन खर्च | ६,७२२ | ७,५८४ | ९,७८० |
| प्रशासनिक खर्च | ५,११७ | ६,४७९ | १०,२१० |
| | **१६०,२९६** | **१४७,७७८** | **१६२,६८०** |
| वित्तीय खर्च | ६५,४९५ | ७०,३७० | ७२,३९० |
| ह्रास कट्टि | १७,३६८ | १८,०२० | १७,८०५ |
| **कर तथा कर्मचारी बोनस अघिको नाफा वा (नोक्सानी)** | **७७,४३३** | **५९,३८८** | **७२,४८४** |
| कर्मचारी बोनस प्रयोजन | १,९२० | १,६४४ | १,४५० |
| **कर अघिको नाफा वा (नोक्सानी)** | **७५,५१२** | **५७,७४४** | **७१,०३५** |
| यस बर्षको कर | ४७२ | १९ | ११२ |
| डेफर आयकर | - | - | - |
| **कर पछिको नाफा वा (नोक्सानी)** | **७५,०४०** | **५७,७२५** | **७०,९२२** |

नोट : लेखापरिक्षकले कम्पनीको वित्तीय विवरणमा नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) बमोजिम पालना नभएको भनि राय व्यक्त गर्ने असमर्थता (Disclaimer of opinion) उल्लेख गरिएको छ ।

## कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण

| वासलात | | | |
|---|---|---|---|
| **विवरण** | **प्रक्षेपित (रु. हजारमा)** | | |
| | **२०७७।७८** | **२०७८।७९** | **२०७९।८०** |
| **दिर्घकालिन सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ३,१७७,५३९ | ३,१२८,५४९ | १०,४५४,९८७ |
| निर्माणाधिन परियोजना | २,६६६,९२९ | ४,४२८,१२९ | २५,१२९ |
| लगानी | १३४,०३८ | १३४,०३८ | १३४,०३८ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **५,९७८,५०६** | **७,६९०,७१६** | **१०,६१४,१५३** |
| | | | |
| **चालु सम्पत्ति** | | | |
| नगदतथा बैंक मौज्दात | १०३,१५२ | ९४९,३७७ | ३५०,८४१ |
| परियोजना पेश्की | ४८६,२०० | ७९७,००० | २०,००० |
| अन्य पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | १०६,७६९ | ११२,०८६ | ३७६,०३२ |
| **जम्मा चालु सम्पत्ति** | **६९६,१२१** | **१,८५८,४६३** | **७४६,८७३** |
| | | | |
| **जम्मा सम्पत्ति** | **६,६७४,६२७** | **९,५४९,१७९** | **११,३६१,०२७** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १,८१७,२३५ | ३,४७०,२३५ | ३,४७०,२३५ |
| जगेडा कोष तथा सञ्चित नाफा | २५७,८९७ | ४५२,३२६ | ९३५,६७७ |
| **जम्मा पूँजी** | **२,०७५,१३२** | **३,९२२,५६१** | **४,४०५,९१२** |
| | | | |

| | | | |
|---|---|---|---|
| **दिर्घकालिन दायित्व** | | | |
| दिर्घकालिन ऋण | ४,१२०,५०४ | ५,१५२,८७२ | ६,५६१,८४० |
| **जम्मा दिर्घकालिन दायित्व** | **४,१२०,५०४** | **५,१५२,८७२** | **६,५६१,८४०** |
| | | | |
| **चालु दायित्व** | | | |
| व्यवसायिक दायित्व | २९४,४०७ | २७४,९३२ | १२१,७६७ |
| चालु पूँजी ऋण | ११३,७०० | ११३,७०० | १८३,७०० |
| अन्य दायित्व | ७०,८८४ | ८५,११४ | ८७,८०७ |
| **जम्मा चालु दायित्व** | **४७८,९९१** | **४७३,७४६** | **३९३,२७५** |
| | | | |
| **जम्मा पूँजी तथा दायित्व** | **६,६७४,६२७** | **९,५४९,१७९** | **११,३६१,०२७** |

| नाफा नोक्सान हिसाव | | | |
|---|---|---|---|
| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| **आम्दानी:** | | | |
| बिद्युत बिक्रीबाट आम्दानी | ४२८,८५६ | ४५५,०९२ | ९५५,८६९ |
| अन्य आम्दानी | २,००० | ११,००० | ११,००० |
| **जम्मा** | **४३०,८५६** | **४६६,०९२** | **९६६,८६९** |
| **संचालन खर्च:** | | | |
| रोयल्टी (जडित क्षमताको आधारमा) | १,६५० | १,६५० | २,६५० |
| रोयल्टी (उत्पादनको आधारमा) | ८,५७७ | ९,१०२ | १९,११७ |
| आयोजना संचालन खर्च | २०,०२४ | २०,३०३ | ६१,६२० |
| प्रशासनिक खर्च | १६,५०४ | १६,८३४ | ३२,१७६ |
| **जम्मा संचालन खर्च** | **४६,७५५** | **४७,८८९** | **११५,५६३** |
| **अन्य खर्च** | | | |
| ब्याज खर्च | १८१,३६६ | १७०,८१६ | २८४,५२८ |
| ह्रास कट्टी | ४९,१०८ | ४८,९९० | ७३,५६३ |
| कर्मचारी बोनस व्यवस्था | ३,०७३ | ३,९६८ | ९,८६४ |
| **जम्मा अन्य खर्च** | **२३३,५४६** | **२२३,७७४** | **३६७,९५५** |
| **कर अघिको मुनाफा** | **१५०,५५५** | **१९४,४२९** | **४८३,३५२** |
| चालु कर व्यवस्था | - | - | - |
| डेफर कर व्यवस्था | - | - | - |
| **कर पछिको मुनाफा** | **१५०,५५५** | **१९४,४२९** | **४८३,३५२** |
| **वितरण योग्य मुनाफा** | **१५०,५५५** | **१९४,४२९** | **४८३,३५२** |
| अघिल्लो बर्षबाट सारेको | १७०,०११ | २५७,८९७ | ४५२,३२६ |
| हकप्रद लिलामी प्रिमियम | - | - | - |
| शेयरधनीहरुलाई लाभाश | ६२,६६८ | - | - |
| **वासलातमा सारेको** | **२५७,८९७** | **४५२,३२६** | **९३५,६७७** |

**ण) वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :**

**१) विद्युत विक्रीबाट प्राप्त हुने आम्दानी**

देहाय बमोजिमको परियोजनाबाट कम्पनीको आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।

| क्र.सं. | आयोजना | व्यवसायीक उत्पादन शुरु मिति |
|---|---|---|
| १ | नौगड गाढ जलविद्युत आयोजना (८.५ मे.वा.) | २०७२/०५/०२ |

| | | |
|---|---|---|
| २ | अपर नौगड गाढ जलविद्युत आयोजना (८ मे.वा.) | २०७६/०७/१३ |
| ३ | माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मे.वा.) | २०७९/१२/०१ (अनुमानित) |

नौगड गाढ साना जलविद्युत आयोजना (८.५ मे.वा.) तथा अपर नौगड गाढ जलविद्युत आयोजना (८ मे.वा.)बाट हुने आम्दानी आ.व. २०७६/७७ सम्म वास्तविक आधारमा लिइएको छ। सो पश्चात् देहाय बमोजिम उत्पादन प्रक्षेपण गरिएको छ।

| क.सं. | आयोजना | आ.व. ७७/०७८ | आ.व. ७८/७९ | आ.व. ७९/८० |
|---|---|---|---|---|
| १ | नौगड गाढ साना जलविद्युत आयोजना (८.५ मे.वा.) | क्षमताको ७७% | क्षमताको ७९% | क्षमताको ८०% |
| २ | अपर नौगड गाढ साना जलविद्युत आयोजना (८ मे.वा.) | क्षमताको ७७% | क्षमताको ८०% | क्षमताको ८१% |
| ३ | माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मे.वा.) | - | - | क्षमताको ८०% |

उर्जा बिक्री दर : आयोजनाहरुबाट उत्पादन भएको उर्जाको उर्जा बिक्री दर देहाय बमोजिम रहेको छ।

| क.सं | आयोजना | दर रु./kWh |
|---|---|---|
| १ | नौगड गाढ साना जलविद्युत आयोजना (८.५ मे.वा.)* | ४.०० (बैशाख - मंसिर)<br>७.०० (पौष - चैत्र) |
| २ | अपर नौगड गाढ साना जलविद्युत आयोजना (८ मे.वा.) ** | ४.८० (बैशाख - मंसिर)<br>८.४० (पौष - चैत्र) |
| ३ | माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मे.वा.) *** | ४.८० (मध्य जेष्ठ - मध्य मंसिर)<br>८.४० (मध्य मंसिर - मध्य जेष्ठ) |

*माथि उल्लेखित दर व्यवसायिक उत्पादन भएको पहिलो वर्षको लागि लागू हुनेछ। व्यवसायिक उत्पादन भएको पहिलो ८ वर्षको लागि सुरुमा कायम दरमा वार्षिक ३ प्रतिशत बृद्धि हुनेछ। सो पश्चात् दरहरु रु. ४.९६/ kWh (बैशाख - मंसिर) र रु. ८.६८/kWh (पौष - चैत्र) स्थिर रहनेछ।
**माथि उल्लेखित दर व्यवसायिक उत्पादन भएको पहिलो वर्षको लागि लागू हुनेछ। व्यवसायिक उत्पादन भएको पहिलो ५ वर्षको लागि सुरुमा कायम दरमा वार्षिक ३ प्रतिशत बृद्धि हुनेछ। सो पश्चात् दरहरु रु. ५.५२/ kWh (बैशाख - मंसिर) र रु. ९.६६/kWh (पौष - चैत्र) स्थिर रहनेछ।
***माथि उल्लेखित दर व्यवसायिक उत्पादन भएको पहिलो वर्षको लागि लागू हुनेछ। व्यवसायिक उत्पादन भएको पहिलो ८ वर्षको लागि सुरुमा कायम दरमा वार्षिक ३ प्रतिशत बृद्धि हुनेछ। सो पश्चात् दरहरु रु. ५.९५/ kWh (मध्य जेष्ठ - मध्य मंसिर) र रु. १०.४२/kWh (मध्य मंसिर - मध्य जेष्ठ) स्थिर रहनेछ।

**२) अन्य श्रोतबाट आम्दानी**

नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री वाहेक निम्न श्रोतहरुबाट कम्पनीको आम्दानी हुने अनुमान गरिएको छ।

| क.सं | आयोजना | आ.व. ७७/०७८ | आ.व.७८/७९ | आ.व.७९/८० |
|---|---|---|---|---|
| १ | अरुण कावेलीबाट लाभांश आम्दानी | २,०००,००५ | ४,०००,०१० | ४,०००,०१० |
| २ | अपी हाइड्रो मेकानिक्ल लिमिटेडबाट लाभांश आम्दानी | - | ७,०००,००० | ७,०००,००० |
| | | २,०००,००५ | ११,०००,०१० | ११,०००,०१० |

**३) रोयल्टी**

कम्पनीले देहाय बमोजिमको प्रचलित दर बमोजिम उर्जा विक्रीमा रोयल्टी भुक्तानी गर्ने अनुमान गरिएको छ ।

| क.सं. | विवरण | रोयल्टी (जडित क्षमताको आधारमा) | रोयल्टी (उत्पादनको आधारमा) |
|---|---|---|---|
| १ | जलविद्युत आयोजना | रु. १,००,०००/ मे.वा. | विद्युत विक्री रकमको २ प्रतिशत |

**४) वित्तीय खर्च**

कन्सोर्टियम कर्जाको व्याज तल उल्लेखित आधारमा अनुमान गरिएको छ ।

| क.सं. | कर्जा | व्याज दर |
|---|---|---|
| १ | नौगड गाढ कन्सोर्टियम कर्जा (Term Loan) | ९.७७ % वार्षिक |
| २ | नौगड गाढ कन्सोर्टियम कर्जा (Mid Term Loan) | ९.७७ % वार्षिक |
| ३ | नौगड गाढ चालू पूँजी कर्जा | १०.०० % वार्षिक |
| ४ | अपर नौगड गाढ कन्सोर्टियम कर्जा (Term Loan) | ९.८४ % वार्षिक |
| ५ | अपर नौगड गाढ चालू पूँजी कर्जा | १०.२५ % वार्षिक |
| ६ | अपर चमेलिया कन्सोर्टियम कर्जा (Term Loan) | ९.५० % वार्षिक |
| ७ | अपर चमेलिया चालू पूँजी कर्जा | ९.५० % वार्षिक |

व्यवसायिक उत्पादन हुने सम्मको व्याजलाई आयोजना खर्चको रुपमा जनाइएको छ । व्यवसायिक उत्पादन पछिको व्याजलाई नाफा नोक्सान हिसाबमा जनाइनेछ ।

**५) ह्रास कट्टी/परिशोधन**

ह्रास कट्टी/परिशोधन निम्न बमोजिम नीति अवलम्बन गरिएको छ ।

**क. जलविद्युत आयोजना**

| वर्ष | दर (% वार्षिक) | जम्मा (%) |
|---|---|---|
| १-५ | १% | ५% |
| ६-१० | २% | १०% |
| ११-१५ | ३% | १५% |
| १६-२० | ४% | २०% |
| २१-२५ | ५% | २५% |
| २६-३० | ५% | २५% |
| | | १००% |

**ख. शेयर निष्काशन खर्चको परिशोधन**

सर्वसाधारणको शेयर निष्काशन खर्च ३० वर्षको अवधिमा परिशोधन गरिएको छ ।

**ग. अन्य सम्पत्ती**

अन्य सम्पत्तीमा आयकर ऐन, २०५८ मा उल्लेख भएको दर बमोजिम ह्रासकट्टि गरिनेछ ।

**६) आयकर**

प्रचलित नीति बमोजिम जलविद्युत आयोजनालाई व्यवसायिक संचालन भएको पहिलो १० वर्षका लागि १००% आयकर छुट गरिएको हुनाले प्रक्षेपित अवधिको लागि जलविद्युत आयोजनाबाट भएको नाफामा आयकरको व्यवस्था गरिएको छैन ।

**७) हकप्रद निष्काशन**

कम्पनीले हकप्रद निष्काशन वापतको ५६.७० करोड आ.व २०७७/७८ र १६५.३० करोड आ.व २०७८/०७९ मा प्राप्त हुने अनुमान गरिएको छ र सो रकम देहाय बमोजिम उपयोग हुनेछ ।

| क्र.सं. | विवरण | रकम (रु. करोडमा) |
|---|---|---|
| १ | अपर चमेलिया हाइड्रोपावर आयोजनाको निमार्ण (४० मेगावाट) | २२२.०० |
| **जम्मा** | | २२२.०० |

**८) दिर्घकालिन ऋण**

**क. कन्सोर्टियम ऋण** (Term Loan) **(नौगड गाढ जलविद्युत आयोजना)**

कम्पनीले नौगड गाढ जलविद्युत आयोजनाको निमार्णको लागि नेपाल बैंक को अनुवाइमा बनेको कन्सोर्टियम बैंकहरुबाट कर्जा उपभोग गरको छ । कम्पनीले पौष, २०७२ देखि कन्सोर्टियम संगको सम्झौताको भुक्तानी तालिका बमोजिन कर्जा भुक्तानी गर्दै आएको छ । सहमत भुक्तानी तालिका बमोजिम १२ वर्षको लागि कर्जा भूक्तानी गर्ने अनुमान गरिएको छ ।

**ख. कन्सोर्टियम ऋण** (Mid term Loan)**(नौगड गाढ जलविद्युत आयोजना)**

कम्पनीले नौगड गाढ जलविद्युत आयोजनाको मर्मत (Repair and Maintenance) को लागि नेपाल बैंक को अनुवाइमा बनेको कन्सोर्टियम बैंकहरुबाट Mid term कर्जा उपभोग गरको छ । सहमत भुक्तानी तालिका बमोजिम ४ वर्षको लागि कर्जा भूक्तानी गर्ने अनुमान गरिएको छ ।

**ग. कन्सोर्टियम ऋण** (Term Loan) **(अपर नौगड गाढ जलविद्युत आयोजना)**

कम्पनीले अपर नौगड गाढ जलविद्युत आयोजनाको निमार्णको लागि नेपाल एसबिआई बैंक को अनुवाइमा बनेको कन्सोर्टियम बैंकहरुबाट कर्जा उपभोग गरको छ । कम्पनीले चैत्र, २०७६ देखि कन्सोर्टियम संगको सम्झौताको भुक्तानी तालिका बमोजिन कर्जा भुक्तानी गर्दै आएको छ । सहमत भुक्तानी तालिका बमोजिम १२ वर्षको लागि कर्जा भूक्तानी गर्ने अनुमान गरिएको छ ।

**घ. कन्सोर्टियम ऋण** (Term Loan) **(अपर चमेलिया जलविद्युत आयोजना)**

कम्पनीले अपर चमेलिया जलविद्युत आयोजनाको निमार्णको लागि कन्सोर्टियम बैंकहरुबाट कर्जा रु ५१८ करोड उपभोग गर्ने अनुमान गरिएको छ ।

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| विवरण | बास्तविक | | | व्यवस्थापनबाट प्रमाण्ति अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० |
| चुक्ता पुंजी | १,०५०,००० | १,१३४,००० | १,१९०,७०० | १,१९०,७०० | १,८१७,२३५ | ३,४७०,२३५ | ३,४७०,२३५ |
| जगेडा कोष तथा संचित नाफा | ९०,०९७ | ६१,२४३ | ७४,२३१ | १७०,०११ | २५७,८९७ | ४५२,३२६ | ९३५,६७७ |
| **जम्मा** | १,१४०,०९७ | १,१९५,२४३ | १,२६४,९३१ | १,३६०,७११ | २,०७५,१३२ | ३,९२२,५६१ | ४,४०५,९१२ |
| अपलेखन गर्न बांकी खर्च | - | - | - | - | - | - | - |
| **जम्मा (नेटवर्थ)** | १,१४०,०९७ | १,१९५,२४३ | १,२६४,९३१ | १,३६०,७११ | २,०७५,१३२ | ३,९२२,५६१ | ४,४०५,९१२ |
| शेयर संख्या | १०,५०० | ११,३४० | ११,९०७ | ११,९०७ | १८,१७२ | ३४,७०२ | ३४,७०२ |
| प्रति शेयर नेटवर्थ | १०८.५८ | १०५.४० | १०६.२३४ | ११४.२८ | ११४.१९ | ११३.०३ | १२६.९६ |
| नेटवर्थमा औषत प्रतिफल | ६.५८ | ४.८३ | ५.६१ | ७.०४ | ७.२६ | ४.९६ | १०.९७ |
| प्रति शेयर आम्दानी | ७.१५ | ५.०९ | ५.९६ | ८.०४ | ८.२८ | ५.६० | १३.९३ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | ६.८३ | | |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री जि.पौडेल एण्ड एसोशियट्का चार्टड एकाउण्टेण्ट श्री शम्भु प्रसाद चौधरी गर्नु भएको हो ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

यस कम्पनीको आ.व २०७५/७६ को वास्तविक वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात**

**रु. हजारमा**

| **विवरण** | **२०७६ आषाढ मसान्त** |
|---|---|
| **सम्पत्ती** | |
| **दिर्घकालिन सम्पत्ती** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १,५०८,९६५ |
| निर्माणाधिन परियोजना | १,६६५,६४३ |
| लगानी | १४४,१३४ |
| डेफर आय कर | - |
| **जम्मा दिर्घकालिन सम्पत्ती** | **३,३१८,७४२** |
| **चालु सम्पत्ती** | |
| नगद तथा बैंक मौज्दात | १,४९६ |
| परियोजना पेश्की | ६०,२६९ |
| अन्य पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ३१,८८८ |
| **जम्मा चालु सम्पत्ति** | **९३,६५३** |
| **जम्मा सम्पत्ति** | **३,४१२,३९६** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | १,१९०,७०० |
| शेयर आवेदन रकम | - |
| जगेडा कोष तथा सञ्चित नाफा | ७४,२३१ |
| **जम्मा पूँजी** | **१,२६४,९३१** |
| **दिर्घकालिन दायित्व** | |
| दिर्घकालिन ऋण | १,७३६,०९१ |
| **जम्मा दिर्घकालिन दायित्व** | **१,७३६,०९१** |
| **चालु दायित्व** | |
| व्यवसायिक दायित्व | १७६,०९५ |
| अल्पकालीन ऋण | १५४,२०० |
| अन्य दायित्व | ८१,०७८ |
| **जम्मा चालु दायित्व** | **४११,३७४** |
| **जम्मा** | **३,४१२,३९६** |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७५ देखि आषाढ ३१, २०७६)**

**(रु. हजारमा)**

| **विवरण** | **आ.व. २०७५/०७६** |
|---|---|
| **आम्दानी** | |
| विद्युत विक्रीबाट भएको आम्दानी | १७८,७४० |
| अन्य आम्दानी | ८,३५७ |
| **जम्मा आम्दानी** | **१८७,०९८** |

| | |
|---|---|
| **न्यून: खर्चहरु** | |
| रोयल्टी (जडित क्षमताको आधारमा) | ८५० |
| रोयल्टी (उत्पादनको आधारमा) | ३,५७७ |
| | **१८२,६७०** |
| सम्पत्ती बिक्रीबाट घाटा | |
| आयोजना संचालन खर्च | ९,७८० |
| प्रशासनिक खर्च | १०,२१० |
| | **१६२,६८०** |
| वित्तीय खर्च | ७२,३९० |
| ह्रास कट्टि | १७,८०५ |
| **कर तथा कर्मचारी बोनस अधिको नाफा वा (नोक्सानी)** | **७२,४८४** |
| कर्मचारी बोनस प्रयोजन | १,४५० |
| **कर अधिको नाफा वा (नोक्सानी)** | **७१,०३५** |
| यस बर्षको कर | ११२ |
| डेफर आयकर | - |
| **कर पछिको नाफा वा (नोक्सानी)** | **७०,९२२** |

**नगद प्रवाहको विवरण (२०७६ आषाढ मसान्त)**

**रु. हजारमा**

| **विवरण** | **आ.व २०७५।७६** |
|---|---|
| **क. संचालन गतिविधिको नगद प्रवाह** | |
| कर पछिको मुनाफा | ७०,९२२ |
| जोड्ने: ह्रास कट्टीखर्च | १७,८०५ |
| जोड्ने: व्याज खर्च | ७२,३९० |
| **चालु पूँजि परिवर्तन अधिको सञ्चालन नगद प्रवाह** | १६१,११८ |
| चालु पूँजि परिवर्तन | (४७,८९३) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | ११३,२२५ |
| | |
| **ख. लगानी गतिविधिको खुद नगद प्रवाह** | |
| लगानीमा भएको वृद्धि | – |
| निर्माणाधिन परियोजनामा भएको वृद्धि | (२०२,७३२) |
| खरिद / थप भएको स्थिर सम्पत्ती | (३,७९७) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | (२०६,५२९) |
| | |
| **ग. वित्तिय गतिविधिको नगद प्रवाह** | – |
| शेयर पूँजिको निष्काशन | ५६,७०० |
| लभाशं वितरण | (५७,९३४) |
| दिर्घकालिन ऋणमा भएको कमि/वृद्धि | १६४,०१३ |
| व्याज तिरेको | (७२,३९०) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | ९०,३८८ |
| | |
| **खुद नगद प्रवाह** | (२,९१६) |
| बर्षारम्भमा नगद तथा बैंक मौज्दात | ४,४१२ |
| आषाढ मसान्त सम्मको नगद तथा बैंक मौज्दात | १,४९६ |

नोट : लेखापरिक्षकले कम्पनीको वित्तीय विवरणमा नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) बमोजिम पालना नभएको भनि राय व्यक्त गर्ने असमर्थता (Disclaimer of opinion) उल्लेख गरिएको छ ।

**त(१) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने**

आर्थिक वर्ष समाप्त भएको तर लेखापरीक्षण हुन बाँकी रहेकोले आ.व.२०७६/७७ व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसावको विवरण देहाय बमोजिम रहेको छ :

**वासलात** **रु. हजारमा**

| विवरण | आ.व.२०७६।०७७ |
|---|---|
| **सम्पत्ति** | |
| **दिर्घकालिन सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ३,२२६,६४७ |
| निर्माणाधिन परियोजना | ३२,७४२ |
| लगानी | १३४,०३८ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **३,३९३,४२७** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | २,७६७ |
| परियोजना पेश्की | १२७,६९९ |
| अन्य पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ७६,८८२ |
| **जम्मा चालु सम्पत्ति** | **२०७,३४८** |
| **जम्मा सम्पत्ति** | **३,६००,७७५** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | १,१९०,७०० |
| जगेडा कोष तथा सञ्चित नाफा | १७०,०११ |
| **जम्मा पूँजी** | **१,३६०,७११** |
| **दिर्घकालिन दायित्व** | |
| दिर्घकालिन ऋण | १,७३३,१०५ |
| **जम्मा दिर्घकालिन दायित्व** | **१,७३३,१०५** |
| **चालु दायित्व** | |
| व्यवसायिक दायित्व | २००,१८५ |
| असुरक्षित कर्जा | १२६,४५० |
| चालु पूँजी ऋण | ११४,४०१ |
| अन्य दायित्व | ६५,९२३ |
| **जम्मा चालु दायित्व** | **५०६,९५९** |
| **जम्मा पूँजी तथा दायित्व** | **३,६००,७७५** |

**नाफा नोक्सान हिसाब** **रु.हजारमा**

| **विवरण** | **२०७६।७७** |
|---|---|
| **आम्दानी:** | |
| बिद्युत बिक्रीबाट आम्दानी | ३२४,४४० |
| अन्य आम्दानी | १,५४९ |

| | |
|---|---|
| **जम्मा** | **३२५,९८९** |
| **संचालन खर्च:** | |
| रोयल्टी (जडित क्षमताको आधारमा) | १,४१७ |
| रोयल्टी (उत्पादनको आधारमा) | ६,४८९ |
| आयोजना संचालन खर्च | १८,४४८ |
| प्रशासनिक खर्च | १५,८७२ |
| **जम्मा संचालन खर्च** | ४२,२२६ |
| **अन्य खर्च** | |
| ब्याज खर्च | १५६,४७७ |
| ह्रास कट्टी | २९,४२९ |
| कर्मचारी बोनस व्यवस्था | १,९५७ |
| **जम्मा अन्य खर्च** | **१८७,८६४** |
| **कर अघिको मुनाफा** | **९५,९००** |
| चालु कर व्यवस्था | १२० |
| डेफर कर व्यवस्था | - |
| **कर पछिको मुनाफा** | **९५,७८०** |
| **वितरण योग्य मुनाफा** | **९५,७८०** |
| अघिल्लो बर्षबाट सारेको | ७४,२३१ |
| हकप्रद लिलामी प्रिमियम | - |
| शेयरधनीहरुलाई लाभाश | - |
| **वासलातमा सारेको** | **१७०,०११** |

त(२) **धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी ताँत्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गर्नेछौं ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभाबित आर्थिक जोखिमहरु :**

(१) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

–नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

–परियोजना निर्माणका लागी बैंकबाट ऋण प्राप्त हुन नसकेमा जोखिम उत्पन्न हुनेछ ।

(२) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

जलस्रोतको मुहानको बाताबरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने ।

(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको ।

(यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको छ । नेपाल विद्युत प्रधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत विक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over run) को जोखिम :** परियोजना समयमै सम्पन्न हुने भएकाले मूल्य बृद्धिको जोखिम नरहेको ।

(५) **विदेशी विनिमयको जोखिम :** स्वदेशी लगानीमा आयोजनाहरु निर्माण हुने हुँदा विदेशी विनिमयको जोखिन नभएको

(६) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू** : हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।

(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आएमा यो परियोजना निर्माणमा असर पर्नेछ ।

(८) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने ।

(९) **सञ्चालन अनुभवको अभाव :** कम्पनीको व्यवस्थापन समुहले यो परियोजना भन्दा अगावै ७ वटा परियोजना निर्माण गरि संचालन गरिसकेको हुँदा अनुभवी समुहले निर्माण गर्ने ।

(१०) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखीम कम ब्यबसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने कही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ ।

(११) **पूर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : कम्पनीले अव निर्माण गर्ने माथिल्लो चमेलिया जलविद्युत आयोजनाको लागी चाहिने पूर्वाधारहरु तैयार रहेकोले यस प्रकारको जोखिम नरहेको ।

(१२) **अन्य :** दैबिप्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोतमा असर पर्ने । जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, वाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागि परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतन बाट खोलामा पानीको वाहावमा थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवड हुन सक्दछ । यसका लागी विद्युत उत्पादनमा कमी आएमा हर्जाना मिनाहा हुने व्यवस्था रहेको छ ।

**देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।**

नरहेको ।

**पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।**

अपि पावर कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयर को बजार मुल्य लागत मूल्य तथा किताव मूल्य भन्दा अधिक छ ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यबस्थापनको धारणा :**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता

र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यसमध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यबस्थापनको रहेकोछ । जोखिम न्यूनिकरण गर्न विमा समेत गरिएको छ ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**

रु.१००/- प्रतिशेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :**

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा १५ कार्यदिन भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कम्पनीको रजिष्ट्र्र्ड कार्यालय ट्रेड टावर, थापाथली, काठमाडौ तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि कम्पनीको प्रवन्धपत्र नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण :**

प्रत्याभुत नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कम्पनीको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : ०.४७६१९०४७६१९ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ ०.४७६१९०४७६१९ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु :**

१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछ :-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यबस्था भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था जि. पौड्याल एण्ड एसोसियटस रहेको छ । आर्थिक बर्ष २०७५/०७६ को लेखापरिक्षकको प्रतिबेदन यस विवरणको अनुसूची–१ मा उल्लेख गरिएको छ ।

ख) कम्पनीको कम्पनी सचिवमा श्री मधुसुदन कोइराला रहनुभएको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ पुरक भएको व्यहोरा ब्यबसायीक संस्था श्री चार्टड एकाउण्टेण्टस् जी पौड्याल एण्ड एसोसियट्सले लेखापरिक्षण प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१) हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) कम्पनीले आफ्नो ब्यवसाय विस्तार गर्ने क्रममा महाकाली अंचल दार्चुला जिल्लामा दुई वटा जलविद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन गरिरहेको छ । कम्पनीले निर्माण गर्ने ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको लागि हकप्रद शेयर मार्फत पूँजी जुटाई काम गर्न आवश्यक भएको ।

ख) कम्पनीले आफ्नै लगानीबाट दार्चुला जिल्लाको मार्मा तथा अपि गाँऊपालिका बीच भई बहने चमेलिया नदीमा ४० मेगावाट क्षमताको एक जलविद्युत अयोजना निर्माणको लागी लगानी हकप्रद शेयरमार्फत लगानी जुटाउन आवश्यक भएको । यस अपर चमेलिया जलविद्युत आयोजना निर्माणको लागि चाहिने सम्पूर्ण अनुमति ईजाजतपत्र प्राप्त गरिसकेको तथा परियोजनाको लागि लगानीको ७० प्रतिशत सम्म बैंकहरुबाट कर्जा प्राप्त गर्न सकिने हुँदा शेयरधनीहरुबाट लगानी गनुपर्ने ३० प्रतिशतका लागि चरणबद्ध ढंगले हकप्रद शेयर जारी गर्नु परेको हो ।

**२) हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" वमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) अपि पावर कम्पनी लिमिटेडले पहिचान गरी संभाब्यता अध्ययन कार्य पुरागरी निर्माण गर्न लागेको अपर चमेलिया जलविद्युत आयोजना (४० मेगावाट ) तेश्रो आयोजना हो । हकप्रद शेयर निष्काशन तथा बैंक ऋण संकलन बाट अन्य आयोजना झै यो आयोजनाको निर्माण कार्य गरिनेछ । कुल रु.७४० करोड लगानी लाग्ने यस आयोजनामा बैंक ऋण रु.५१८ करोड तथा शेयरधनीहरुको लगानी रु.२२२ करोड हुने अनुमान गरिएकोछ । यस आयोजना निर्माण सम्पन्न गर्न कम्पनीको चुक्ता पूँजीको १:२ बराबरको हकप्रद शेयरले मात्र अनुपातलाई उचित मान्न सकिने आधार भए पनि विद्युत नियमन आयोगले १:१ को दरले हकप्रद शेयर निष्काशन गर्नका लागि सैद्धान्तिक सहमति मिति २०७६/०८/२९ गते प्राप्त गरेकोमा सो को शर्तबमोजिम प्रथम चरणमा रु. ५६ करोड ७० लाख बराबरको मात्र हकप्रद निष्काशनको स्वीकृति दिएको हुनाले यो हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिन्छ ।

**३) निष्काशन बाट प्राप्त हुने रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम रु.५६,७०,००,०००/- (छपन्न करोड सत्तरी लाख मात्र) अपि पावर कम्पनी लिमिटेडले निमार्ण गर्ने अपर चमेलिया जलविद्युत आयोजनाको निर्माण कार्यमा उपयोग गरिनेछ । अपि पावर कम्पनी लिमिटेडले पहिचान गरी संभाब्यता अध्ययन कार्य पुरागरी निर्माण गर्न लागेको अपर चमेलिया जलविद्युत आयोजना (४० मेगावाट ) तेश्रो आयोजना हो । हकप्रद शेयर निष्काशन तथा बैंक ऋण संकलन बाट अन्य आयोजना झै यो आयोजनाको निर्माण कार्य गरिनेछ । कुल रु.७४० करोड लगानी लाग्ने यस आयोजनामा बैंक ऋण रु.५१८ करोड तथा शेयरधनीहरुको लगानी रु.२२२ करोड हुने अनुमान छ । परियोजनाको कार्य प्रगति बिवरणको आधारमा कम्पनीले थप हकप्रद शेयर निष्काशन गर्नेछ । यस आयोजनाको वित्तीय समायोजन भएको मितिले तीन बर्ष भित्र निर्माण सम्पन्न गरिनेछ ।

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र विक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री अपि पावर कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौ । |
| २. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री अपी पावर कम्पनी लिमिटेडको वेभसाइट

www.apipower.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको वेभसाइट www.siddharthacapital.com मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सिद्धार्थ क्यापिटल लिमिटेड तथा अपी पावर कम्पनी लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Bankers to the Issue):**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**

यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३, विद्युत नियकमन आयोग तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनीको रहेको छ ।
साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम कम्पनीका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको कम्पनीको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

**संगठित संस्था अद्यावधिक रहेको सम्बन्धमा**

कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था हाल सम्म अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ईक्रा नेपाल लि., डिल्लीबजार काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "ईक्राएनपि आईपियो ग्रेड ४" प्रमाणपत्र मिति फेब्रुअरी १२, २०२० मा प्राप्त गरेको छ । "ईक्रा एनपि आईपियो ग्रेड ४" ले संगठित संस्थाको अवस्था औषत भन्दा तल आधार (Below Average Fundaments) रहेको देखाउछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ ।

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७४/०७५ | ६८३ | २४६ | २८४ | ९,९२,४५२ |
| २०७५/०७६ | २९० | १२० | १४३ | २९,५३,६४१ |
| २०७६/०७७ | १६२ | १०० | १०८ | ५२,१४,२८० |

पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| आषाढ २०७७ | ११९ | १०३ | १०८ | १४७,८३१ |
| श्रावण २०७७ | १२५ | १०५ | ११२ | ४२१,७३३ |
| भाद्र २०७७ | १५७ | १०७ | १५६ | १,८८५,८१४ |

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| क.स | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री गुरु प्रसाद न्यौपाने | अध्यक्ष | |
| २. | श्री संजिब न्यौपाने | संचालक | |
| ३. | श्री महेन्द्र न्यौपाने | संचालक | |
| ४. | श्री सतिस न्यौपाने | संचालक | |
| ५. | श्री इन्द्रमणि त्रित्राल | संचालक | |
| ६. | श्री सिर्जना खड्का | संचालक | |

**स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्केषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।